२१ देखि २५ साउनसम्म मोबिलिटी एक्स्पो, खुल्यो बुकिङ

NAIMA mobility Expo' 2025

काठमाडौं/ नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले भृकुटीमण्डपमा गर्न लागेको अटोमोबाइल प्रदर्शनी 'नेपाल मोबिलिटी एक्स्पो, २०२५' का लागि बुकिङ खुला भएको छ। नाइमाले आगामी २१ देखि २५ साउनसम्म अटोमोबाइल क्षेत्रलाई समेट्ने गरी एक्स्पो आयोजना गर्दै छ।

एक्स्पोमा सहभागिता जनाउन वैशाख २२ देखि २९ वैशाखसम्म बुकिङ खुला रहने बताइएको छ। इच्छुक कम्पनीले तोकिएको समयभित्र बुकिङ फाराममा भर्नुपर्नेछ। अन्तिम स्टल बाँडफाँट भर्ने गोलाप्रथामार्फत गरिने आयोजकको भनाइ छ। साथै, दुई र चारपांग्रे सवारीसाधन तथा हल्का व्यावसायिक सवारीसाधनका लागि छुट्टाछुट्टै हल राखिनेछैन। प्रदर्शकले आफ्नो ठाउँ र स्थानको आवश्यकता अनुसार कुनै पनि स्टल रोज्न सक्ने व्यवस्था गरिएको बताइएको छ। अटोमोबाइल क्षेत्रमा समय समयमा भइरहने परिवर्तनका लागि नीति निर्माता, अटो क्षेत्रका विज्ञ, उद्योगीलाई एकै ठाउँमा सहभागी गराई अटोमोटिभ प्रविधि, डिजाइन र दिगोपनमा भएका नवीनतम प्रविधि प्रदर्शन गर्न एक्स्पो आयोजना गर्न लागिएको हो। प्रदर्शनीको व्यवस्थापन र संयोजन भने मिडिया स्पेस सोलुसन्स प्रालिले गर्नेछ।

'नाइमाले नेपालको अटोमोबाइल क्षेत्रको भविष्यलाई गति दिने र अटोमोटिभ उद्योगलाई अगाडि बढाउने सहकार्यलाई बढावा दिने लक्ष्य राखेको छ,' संस्थाकी संस्थापक अध्यक्ष रितुसिंह वैद्यले भनिन्।

सिएनआई र नेपाल विश्वविद्यालयबिच समझदारी

काठमाडौं/ शिक्षा र उद्योगलाई जोड्न नेपाल उद्योग परिसंघ (सिएनआई) र नेपाल विश्वविद्यालयबिच समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारीपत्रमा नेपाल विश्वविद्यालयका रजिस्ट्रार डा. सूर्यराज आचार्य र परिसंघका महानिर्देशक डा. घनश्याम ओझले हस्ताक्षर गरेका हुन्। सो अवसरमा परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले सीपयुक्त जनशक्ति उत्पादन अहिलेको आवश्यकता रहेको बताए। शैक्षिक योग्यता हुने तर सीपयुक्त सिकाइ बढाउन आवश्यक देखिएकाले विश्वविद्यालयले यसमा योगदान गर्ने विश्वास व्यक्त गरे। विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई उद्योगसँग जोड्न परिसंघले काम गर्ने प्रतिबद्धता पनि अग्रवालको थियो।

विश्वविद्यालयका कुलपति डा. विन्दु लोहनीले विद्यार्थीलाई प्रयोगात्मक सिकाइका लागि उद्योगमा इन्टर्नसिप गराउन परिसंघले सहयोग गर्नुपर्ने बताइन्। त्यस्तै, उपकुलपति प्राडा अर्जुन कार्कीले सीपयुक्त, उद्यमशीलता, नवीनतासँगै विद्यार्थीमा असल भावना विकास गराउने गरी कार्यक्रम ल्याइने जानकारी दिए। परिसंघका वरिष्ठ उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले उद्योग अनुभव, पाठ्यक्रम विकास, नविनता, अनुसन्धानलगायत क्षेत्रमा विश्वविद्यालयसँग सहकार्य गरिने उल्लेख गरे।

मुक्तिनाथको स्टार्टअप र उद्यमीलक्षित वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले स्टार्टअप र नयाँ उद्यमी लक्षित वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। बैंकले नयाँ उद्यमीलाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गरेको हो। कार्यक्रमको उद्देश्य सहभागी उद्यमीलाई वित्तीय व्यवस्थापनका आधारभूत सिद्धान्त, बैंकिङ सेवामा सहज पहुँचजस्ता विषयमा जानकारी गराउनु रहेको बैंकले जनाएको छ।

त्यस्तै, प्रभावकारी व्यावसायिक योजना निर्माण, बजार व्यवस्थापनका नवीनतम रणनीति, व्यक्तिगत बजेट तर्जुमा, नगद प्रवाह व्यवस्थापन, कर्जा सदुपयोग तथा ग्राहक अधिकारजस्ता महत्त्वपूर्ण विषयमा समेत बैंकले जानकारी प्रदान गरी साक्षर गराउन उक्त कार्यक्रम गरेको बताइएको छ।

कार्यक्रममा २६ जना स्टार्टअप तथा युवा उद्यमीको सहभागिता थियो। बैंकले यस कार्यक्रममार्फत उद्यमीलाई वित्तीय ज्ञानको सदुपयोग गरी आफ्नो व्यापार-व्यवसायलाई अझ सुदृढ र दिगो बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेको छ। उद्यमशीलतामार्फत युवालाई सशक्त बनाउने र सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्ने बैंकको प्रतिबद्धता रहेको छ।

बजाजको 'हिवल्स अफ मेमोरी'



काठमाडौं/ बजाज नेपालले हिवल्स अफ मेमोरी फोटोग्राफी प्रतियोगिता सम्पन्न गरेको छ। प्रतियोगितामा नेपालभरिका बजाज राइडरलाई नेपाली १२ महिना प्रतिनिधित्व गर्ने तस्बिर सेयर गर्न भनिएको थियो।

प्रतियोगितामा ७० भन्दा बढी सहभागीबाट सिर्जनात्मक, कलात्मक र भावनात्मक तस्बिर प्राप्त भएको र तीमध्ये १२ जना विजेता छनोट गरिएको कम्पनीको भनाइ छ। विजेता फोटोग्राफीलाई नयाँ वर्ष २०८२ को आधिकारिक क्यालेन्डरमा विशेष स्थान दिइने कम्पनीको योजना छ। प्रत्येक विजेतालाई १० हजारबराबरको गिफ्ट भ्यान्फर पनि दिलाइनेछ। विजेता तस्बिरहरू बजाज ग्रान्ड कर्निभलमा प्रदर्शन हुनेछन्। कार्निभल १६ देखि २७ वैशाखसम्म भृकुटीमण्डपमा चलिरहेको छ। कर्निभलमा ग्राहकका लागि आकर्षक अफर राखिएको छ। नागरिकताकै भरमा कुनै पनि बजाज बाइक शून्य सर्भिस चार्जमै खरिद गर्न सकिनेछ। साथै, तुरुन्त फाइनान्स सुविधा, निःशुल्क एसेसरिज र उच्चतम मूल्यांकनको व्यवस्था छ। हंसराज हुलासचन्द एन्ड कम्पनीका मार्केटिङ विभाग प्रमुख अमितराज चालिसेले यो प्रतियोगिता आफ्नो ब्रान्ड र ग्राहकबिचको सम्बन्ध बलियो बनाउन गरिएको बताए।

Prequalification Notice

(Transmission Line works of Nyadi Phidi Hydropower Project)

North Summit Hydro Ltd. (NSHL) intends to invite application for prequalification from competent contractors for the Transmission Line works of Nyadi Phidi Hydropower Project (21.4 MW), Lamjung, Nepal.

The prequalification documents can be collected from NSHL office or through email at n.s.hydro2016@gmail.com within 15 days of publication by submitting written application.

Documents dully filled and attached with relevant certificates as per prequalification documents must reach NSHL office on or before 12:00pm 1st June, 2025. Only prequalified contractors will be invited to bid.

North Summit Hydro Ltd.
Babarmahal, Kathmandu
Contact: 01-5319143/9851121726

एआई सञ्चालित 'ब्रेथ फ्री ९०' कार्यक्रम घोषणा

बिरामीले क्युआर कोड स्क्यान गरेर सजिलैसँग कार्यक्रममा सहभागी हुन सक्ने

काठमाडौं/ विश्वव्यापी औषधि कम्पनी सिप्लाले नेपाल रेस्पिरेटरी सोसाइटीसँगको साझेदारीमा 'ब्रेथ फ्री ९०' एआई सञ्चालित पहलको घोषणा गरेको छ। यो पहलले नेपालमा श्वासप्रश्वासका बिरामीमा इनहेलर प्रयोग गर्ने तरिकालाई एआईमार्फत निर्देशित गराउने लक्ष्य राखिएको छ।

तीन महिनाका लागि डिजाइन गरिएको यो कार्यक्रमले बिरामीको इनहेलर उपचारलाई सघाउन ह्वाट्सएपमार्फत दैनिक सूचना पठाउन च्याटबट प्रयोग गर्नेछ। नेपालमा दम र क्रोनिक अब्सट्रक्टिभ पल्मोनरी डिजिजजस्ता श्वासप्रश्वास रोगहरू बढिरहेका बेला आएको यो पहललाई महत्त्वपूर्ण रूपमा हेरिएको कम्पनीले जनाएको छ।

'ब्रेथ फ्री ९०' ले समयमै रिमाइन्डर प्रदान गर्नुका साथै बिरामीलाई इनहेलर प्रयोग र रोग व्यवस्थापनमा शैक्षिक सामग्री पनि प्रदान गर्नेछ। बिरामीले क्लिनिक, अस्पताल र फार्मेसीमा उपलब्ध क्युआर कोड स्क्यान गरेर सजिलैसँग कार्यक्रममा सहभागी हुन सक्नेछन्। त्यसपछि बिरामीको सहमतिमा च्याटबटले उनीहरूको उपचार तालिकाअनुरूप अन्तर्क्रियात्मक सन्देश पठाउने बताइएको छ।

सिप्लाका इमर्जिङ मार्केट्स एन्ड युरोपका सिइओ स्वप्न मालपाणीका अनुसार यो कार्यक्रमले बिरामी हेरचाहमा वास्तविक परिवर्तन ल्याउन प्रविधि प्रयोग गर्ने कम्पनीको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्छ।

'हामी दीर्घकालीन श्वासप्रश्वासका रोगी मानिस कसरी बाँच्छन् भन्ने कुरामा सुधार गर्न काम गरिरहेका छौं र ब्रेथ फ्री ९० त्यो दिशामा एक ठूलो कदम हो,' उनले भने।

Upakar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
Head Office Kohalpur-11 Banke

Unaudited Financial Results(Quarterly)

As at 3rd Quarter of the Fiscal Year 2081/082

(Rs. in '000)

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**2870588.00**	**2811135.00**	**2475925.00**
1.1	**Paid-up Capital**	106148.00	106148.00	106148.00
1.2	Reserves and Surplus	119372.00	112614.00	140277.00
1.3	Debenture and Bond			
1.4	Borrowings	876077.00	892971.00	718588.00
1.5	Deposits (a+b)	1341055.00	1289467.00	1159934.00
	a. Domestic Currency	1341055.00	1289467.00	1159934.00
	b. Foreign Currency			
1.6	Income Tax Liabilities			
1.7	Other Liabilities	427936.00	409935.00	350978.00
2	**Total Assets (2.1 to 2.7)**	**2870588.00**	**2811135.00**	**2475925.00**
2.1	Cash & Bank Balance	320394.00	325584.00	194339.00
2.2	Money at call and short Notice			
2.3	Investments			
2.4	Loans & Advances (a+b+c+d+e+f)	2393694.00	2338521.00	2163212.00
	a. Real Estate Loan			
	1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million)			
	2. Business Complex & Residential Apartment Construction Loan			
	3. Income generating Commercial Complex Loan			
	4. Other Real Estate Loan (Including Land Purchase & Plotting)			
	b. Personal Home Loan of Rs. 10 million or less			
	c. Margin Type Loan			
	d. Term Loan	2393694.00	2338521.00	2163212.00
	e. Overdraft Loan / TR Loan / WC Loan			
	f. Others			
2.5	Fixed Assets	9482.00	8916.00	10031.00
2.6	Non-Banking Assets			
2.7	Other Assets	147018.00	138114.00	108343.00
3	**Profit and Loss Account**			
3.1	Interest income	235126.00	157334.00	215356.00
3.2	Interest Expense	128265.00	86811.00	121187.00
A	**Net Interest Income (3.1-3.2)**	**106861.00**	**70523.00**	**94169.00**
3.3	Fees Commission and Discount	1482.00	997.00	1734.00
3.4	Other Operating Income	16601.00	10614.00	12734.00
3.5	Foreign Exchange Gain/Loss (Net)			
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**124944.00**	**82134.00**	**108637.00**
3.6	Staff Expenses	74237.00	47885.00	80031.00
3.7	Other Operating Expenses	12265.00	8126.00	13129.00
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**38442.00**	**26123.00**	**15477.00**
3.8	Provision for Possible Loss	16292	14322.00	6947.00
D	**Operating profit (C-3.8)**	**22150.00**	**11801.00**	**8530.00**
3.9	Non-Operating Income/Expenses (Net)			-96.00
3.10	Write Back of Provision for Possible Loss	13373.00	14923.00	3150.00
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**35523.00**	**26724.00**	**11584.00**
3.11	Extraordinary Income/Expenses (Net)			
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**35523.00**	**26724.00**	**11584.00**
3.12	Provision For Staff Bonus	3552.00	2672.00	1158.00
3.13	Provision For Tax	9591.00	7216.00	312.00
G	**Net Profit/Loss (F-3.12 -3.13)**	**22380.00**	**16836.00**	**7298.00**
4	**Ratios**			
4.1	Capital Fund to RWA	8.56%	8.55%	10.57%
4.2	Non-Performing Loan (NPL) to Total Loan	4.94%	4.12%	1.53%
4.3	Total Loan Loss Provision to total NPL	114.68%	127.81%	64.42%
4.4	Cost of Funds	8.05%	8.57%	9.90%
4.5	CD Ratio (Calculated as per NRB Directives)	178.00%	181.35%	181.38%

Note: Above financial Figures are Subjected to Change if instructed by statuary audit and regularity authority.
Interest on deposit and Loan & Advance **Deposit :** 7.5% to 10% **Loan & Advance** 8.5% to 15%

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व २०८१/८२ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

(क) वैमासिक वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरू

प्रति शेयर आम्दानी	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मुल्य	तरलता अनुपात
२८.११	११४.८३	२९२.४६	२७०४.३३	१८.८३

२. व्यवस्थापकिय विश्लेषण :

(क) वैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धि विवरण :
आर्थिक वर्ष २०८१/२०८२ को तेस्रो वैमासिक अवधिमा यस वित्तीय संस्थाको तरलताको समस्यालाई व्यवस्थापन गरी कर्जा लगानी एवं बचत परिचालन गरिएको छ, अधिल्लो वर्षमासको तुलनामा यस वर्षमासमा संस्थाको नाफावृद्धि भएको छ। वित्तीय बजारमा देखिएको मन्दी निरन्तर रहेमा आगामी दिनमा योजना अनुरुपको प्रतिफल हासिल गर्न कठिन हुने देखिन्छ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :
प्रादेशिकस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुँच अभिवृद्धि गराई गरिबी घटाउने, वित्तीय समावेशिकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका सामिल समुदायमा लघुवित्त सेवा विस्तार उद्देश्य अनुरुप लुम्बिनी प्रदेशका सम्पूर्ण जिल्लाहरूमा कार्यक्रम थप विस्तार गरी कार्यक्रम सचालन गरी थप कर्जा लगानी तथा बचत सकलनलाई वृद्धि गर्दै लैजाने। यस वित्तीय संस्थामा आवद्ध सदस्यहरूको परिवारको दिगो विकास एव सुनिश्चित भविश्यका लागि संस्थाले छरिएर रहेको बचत सकलनलाई जोड दिदै आईरहेको छ। सदस्यहरूको दिगोपनलाई ध्यानमा राखी उनिहरूमा स्वरोजगार सृजना गर्ने उद्देश्यले उत्पादनशिल क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ संस्था अग्रसर रहेको छ। चालु आर्थिक वर्ष २०८१/२०८२ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम प्रयोगमा सदस्य, कर्मचारीहरूको दक्षता एव कार्यकुशलतामा अभिवृद्धि गर्न कर्मचारीको उत्पादकत्व वृद्धि गर्ने एव आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तालिम, गोष्ठी कार्यक्रम सचालन भईरहेको छ। व्यवसायिक योजना अनुरुप लक्ष्य प्राप्तीका लागि आवश्यक कामहरू भईरहेका छन्। वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरूलाई सदस्यको आवश्यकता अनुरुप समय सापेक्ष परिष्कृत गर्ने सदस्यहरूमा उद्यमशिलता तथा व्यवसायिक सीप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेकोछ।

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुली मा भएको सकारात्मकताले गर्दा आगामी दिनमा वित्तीय संस्थाको कार्यक्रमको गुणस्तर सुदृढ भई आम्दानीमा अझ वृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ। लघुवित्त संस्थाहरूमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा सदस्यहरूमा कर्जाको अधिकभार बढ्नुका साथै विभिन्न समुहहरूका नाममा फैलाईएको विकृतिले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न गएको छ। कर्जा सूचना केन्द्रको प्रभावकारीता वृद्धि हुदै जाँदा जोखिमहरू क्रमशःन्यून हुँदै जाने देखिन्छ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :
(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।
(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।
(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :
(क) वित्तीय संस्थाको शेयरको कारोबार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ। वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधि भित्र रही प्रकाशित गरिने छ। लगानी कर्ताहरूको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोबार मूल्य सकारात्मकता तर्फ उन्मुख हुने आकलन गर्न सकिन्छ।
(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार मिति २०८१/१०/०१ देखि २०८१/१२/३१ सम्मको अवधिमा शेयरको कारोबार निम्नानुसार भएको देखिन्छ। (श्रोत : https://www.nepalstock.com)

अधिकतम मूल्य (रु.)	न्यूनतम मुल्य (रु.)	अन्तिममूल्य (रु.)	कारोबार भएको कुल दिन	कारोबार संख्या
६६००	३१२१	३२२७.७९	५६	९२६६

५. समस्या तथा चुनौती :
वित्तीय बजारमा बढ्दो तरलता एवं सघर्ष सिर्जित समस्याका कारण सिर्जित समस्याका कारण सदस्यहरूको व्यवसाय तथा आयआर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकाल सम्म गहिरो प्रभाव पर्न सक्ने देखिन्छ। वित्तीय श्रोतको अनिश्चितता, अस्थिर तरलता र कर्मचारीहरूको दक्षता अभिवृद्धिमा कमि भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले यप चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन्।

६. संस्थागत सुशासन :
नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिबद्ध र प्रतिबद्ध रहदै आएको छ। नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू तथा कानुनहरूको परिपालनामा विशेष ध्यान दिदै आफ्ना शेयरधनीहरू, सर्वसाधारण सदस्यहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको हितको सरक्षण तथा सम्वर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरूलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

८. नियम २६ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धीविवरण : नभएको।

कागजात पेश गर्नेबारे आन्तरिक राजस्व कार्यालय धुलिखेलको जरुरी सूचना

यस कार्यालयको कार्य क्षेत्र अन्तर्गतको तपसिल बमोजिमको करदाताको आय वर्ष २०७७/०७८ को कारोबारको सम्बन्धमा छानविन गर्नुपर्ने देखिएकोमा यस कार्यालयको अभिलेखमा रहेको निजको कारोबारस्थलको ठेगानामा खोजतलास गर्दा पत्ता नलागेको, सम्पर्क नंबरमा हालसम्म पनि सम्पर्क हुन नसकेको, निजको ठेगानामा पत्राचार गरिएको भएतापनि हालसम्म जवाफ प्राप्त नभएको साथै निजले कार्यालयमा स्वयम् उपस्थित भई वा अख्तियारप्राप्त व्यक्तिमार्फत हालसम्म पनि कागजात पेश नगरेको हुँदा आयकर ऐन, २०५८ को दफा ७९ को उपदफा ३, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३१ को उपनियम ३ बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः यो सूचना जारी भएको मितिले १५(पन्ध्र) दिनभित्र सञ्चालक स्वयम् वा निजको अख्तियार प्राप्त व्यक्ति उक्त आय वर्षको कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजात सहित यस कार्यालयमा उपस्थित हुनका लागि आयकर ऐन, ५८ को दफा ८३(१) तथा मू.अ.कर ऐन, २०५२ को दफा २३ बमोजिम जानकारी गराईन्छ। तोकिएको म्यादभित्र माग गरिएको कागजात पेश नगरेमा कार्यालयमा प्राप्त तथ्याङ् तथा सूचनाका आधारमा आयकर ऐन, २०५८ को दफा १०१ र मू.अ.कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरिने व्यहोरा जानकारी गराईन्छ।

तपशील

क्र.सं.	करदाताको नाम	सञ्चालकको विवरण	फर्मको ठेगाना	आय वर्ष
१	लाल सुब मेद्रो निर्माण सेवा (स्था.ले.नं. ६०६०६४०४८)	ठेक बहादुर खड्काको नाति भक्त बहादुर खड्काको छोरा वर्ष ५० को बद्रि कुमार खड्का	दोरम्बा शैलुङ्ग गा.पा ०१, डडुवा, रामेछाप।	२०७७/०७८

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल वैशाख महिना २५ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय बाँडेगाँउबाट तपशिलमा उल्लेखित ऋणीहरुले मुक्तिनाथ सहुलियत कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दे दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साबा, ब्याज र अन्य दे दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दे दस्तुर चुक्ता भुक्तान नगर्दा तथा तपाईको एकाघरसगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाकी साँवा, ब्याज हर्जाना तथा अन्य दे दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रक्रिया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) ऋणीको विवरण

संस्थाको नाम: **मुलडोल कृषी फर्म** करदाताको नाम : दुर्गा थापा क्षेत्री दर्ता नं : २९५
दर्ता मिती : २०७८/०४/१७ दर्ता कार्यालय : गोदावरी नगरपालीकाको कार्यालय
ठेगाना : गोदावरी नगरपालिका वडा नं. १०, ललितपुर स्थायी लेखा नं : ६९६३८८८००

प्रोप्राइटरको नाम/अख्तियार प्राप्त व्यक्तिको विवरण

चन्द्र बहादुर घिमिरेको छोरी दुर्गा बहादुर थापा क्षेत्रीको बुहारी गोपाल थापा क्षेत्रीको पत्नी ललितपुर जिल्ला आश्राङ वडा नं. ३ हाल, बागमती गा.पा. वडा नं. ६ बस्ने **दुर्गा थापा क्षेत्री** (ना.प्र.नं. ९५६६२ जारी मिति र जिल्ला : २०५९/१२/२०, ललितपुर)

व्यक्तिगत धनजमाजीकर्ताहरुको विवरण

१) मान बहादुर थापाको नाति दुर्गा बहादुर थापा क्षेत्रीको छोरा ललितपुर जिल्ला बागमती गा.पा. वडा नं. ६ बस्ने **गोपाल थापा क्षेत्री** (ना.प्र.नं : १५६५९ जारी मिति र जिल्ला : २०५९/१२/२०, ललितपुर)

२) मान बहादुर थापाको नाति शेर बहादुर थापाको छोरा ललितपुर जिल्ला इकुडोल वडा नं. ६ हाल, गोदावरी न.पा. वडा नं. १० बस्ने **एक बहादुर थापा क्षेत्री** (ना.प्र.नं. : ९४६६४ जारी मिति र जिल्ला : २०५५/०४/०६, ललितपुर)

२) ऋणीको विवरण

संस्थाको नाम : **गंगा जमुना पशुपालन तथा तरकारी खेती** करदाताको नाम : गोमा संजेल
दर्ता नं : ३७१/७०६/०७७ दर्ता मिती : २०७६/०९/२५ दर्ता कार्यालय : गोदावरी नगरपालीकाको कार्यालय
स्थायी लेखा नं : ६१२८२३४५३ ठेगाना : गोदावरी नगरपालिका वडा नं- १०, ललितपुर

प्रोप्राइटरको नाम/अख्तियार प्राप्त व्यक्तिको विवरण

पंच बहादुर राईको बुहारी एक राज राईको पत्नी कृष्ण सुब्बाको छोरी मोरङ जिल्ला दर्वेशा वडा नं. ९ हाल, गोदावरी न.पा. वडा नं. १ बस्ने **सुमिरा सुब्बा** (ना.प्र.नं. :१७३७४ जारी मिति र जिल्ला : २०६०/१२/०८, मोरङ)

व्यक्तिगत धनजमाजीकर्ताहरुको विवरण

१) नर ध्वज राईको नाति पंच बहादुर राईको छोरा मोरङ जिल्ला इटहरा वडा नं. ३ हाल, ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १ बस्ने **एक राज राई** (ना.प्र.नं : १३५०१/८९१ जारी मिति र जिल्ला : २०५९/०२/३०, मोरङ)

२) कृष्ण बहादुर थापाको छोरी भक्त बहादुर खड्काको बुहारी सिद्ध राज खड्काको पत्नी ललितपुर जिल्ला गोदामचौर वडा नं. ८ हाल, गोदावरी न.पा. वडा नं. १ बस्ने **नारायणी खड्का** (ना.प्र.नं : ८५२९३ जारी मिति र जिल्ला : २०५३/१०/२८, ललितपुर)

३) ऋणीको विवरण

संस्थाको नाम : **किरण खड्का हार्डवेयर** व्यवसायीको नाम : मुना विष्ट खड्का दर्ता नं : ०४
दर्ता मिती : २०७५/०४/१० दर्ता कार्यालय : वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा
ठेगाना : गोदावरी नगरपालिका वडा नं १, ललितपुर स्थायी लेखा नं : ६०८०७८९४२

प्रोप्राइटरको नाम/अख्तियार प्राप्त व्यक्तिको विवरण

सुकदेव विष्टको छोरी इन्द्र बहादुर खड्काको बुहारी किरण खड्काको पत्नी ललितपुर जिल्ला विशंखु वडा नं. २ हाल, गोदावरी न.पा. वडा नं. १ बस्ने **मुना विष्ट** (ना.प्र.नं. :२८३०२८/३१ जारी मिति र जिल्ला : २०६३/११/०१, ललितपुर)

व्यक्तिगत धनजमाजीकर्ताहरुको विवरण

१) राम बहादुर खड्काको नाति इन्द्र बहादुर खड्काको छोरा ललितपुर जिल्ला गोदामचौर वडा नं. ८ हाल, गोदावरी न.पा. वडा नं. १ बस्ने **किरण खड्का** (ना.प्र.नं : ६४३०९ जारी मिति र जि